बैठक संख्या - १४

आज मिति २०७८ साल चैत्र महिनाको १२ गतेका दिन यस गढवा गाँउपालिकामा अध्यक्ष श्री यम नारायण शर्मा पोखेल ज्यू को अध्यक्षतामा गढवा गाँउकार्यपालिकाको बैठक बसी देहायको उपस्थितिमा देहाय बमोजिमको निर्णयहरू गरियो ।

उपस्थिती :-

| क्र.स. | पद | नाम, थर | दस्तखत |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री यम नारायण शर्मा पोखेल | |
| २ | (उपाध्यक्ष) सदस्य | श्री शारदा कुमारी चौधरी | |
| ३ | वडाध्यक्ष, सदस्य | श्री भक्तु चौधरी | |
| ४ | वडाध्यक्ष | श्री तुलसीराम अधिकारी | |
| ५ | वडाध्यक्ष | श्री बिर बहादुर आले मगर | |
| ६ | वडाध्यक्ष | श्री लेख बहादुर थापा | |
| ७ | वडाध्यक्ष | श्री राहुलदेव चौधरी | |
| ८ | वडाध्यक्ष | श्री हरि भगत चौधरी | |
| ९ | वडाध्यक्ष | श्री बाबुराम अधिकारी | |
| १० | वडाध्यक्ष | श्री अब्दुल खालिक सिद्दिकी | |
| ११ | सदस्य | श्री हेमन्ती कुमारी कुमाल | |
| १२ | सदस्य | श्री मिना पुन | |
| १३ | सदस्य | श्री मान बहादुर नेपाली | |
| १४ | सदस्य | श्री सूर्य बहादुर नेपाली | |
| १५ | सदस्य | श्री चन्द्रा के.सी. | |
| १६ | सदस्य | श्री रमा भण्डारी | |
| १७ | सचिब | श्री आशिष चौधरी | |

आमन्त्रित :-

सहयोगी :-

श्री शम्भुराज आचार्य, अधिकृतस्तर सातौं, लेखा

श्री पुनाराम शर्मा, अधिकृत छैठौं, सा.प्र.

## बैठक संख्या : १४

मिति २०७९/१२/१२ गतेको गाउंकार्यपालिकाको १४ औं बैठकका प्रस्तावहरू

१. अघिल्लो गाउँकार्यपालिकाका बैठकमा भएगरेका निर्णयहरू र सो को कार्यान्वयन पक्ष सम्बन्धमा ।

२. अनुगमन समिति संयोजक गाउँपालिका उपाध्यक्षले पेश गर्नुभएको अनुगमन प्रतिवेदन सम्बन्धमा ।

३. आगामी आ.व. २०८०।०८१ का लागि प्रदेश समपुरक अनुदानका आयोजना तथा कार्यक्रम प्रस्ताव सम्बन्धमा ।

४. आ.व.२०७८।०७९ को महालेखा परिक्षकको कार्यालयबाट प्राप्त प्रारम्भिक प्रतिवेदन उपर छलफल सम्बन्धमा ।

५. यस गढवा गाउँपालिकाका नदी तथा खोलाहरूको आ.ई.ई. स्विकृत भई आय ठेक्का नलागेका घाटहरूबाट नदीजन्य पदार्थ उत्खनन् तथा संकलन गर्न अमानतमा विक्री गर्ने सम्बन्धमा ।

६. जिल्ला विपद व्यवस्थापनलाई यस गाउँपालिका अन्तर्गतका खहरे खोलामा रहेको नदीजन्य पदार्थ उत्खनन्, संकलन तथा बिक्री गर्न सिफारिस गर्ने सम्बन्धमा ।

७. गाउँसभाको १२ औं अधिवेशनको मिति तय गर्ने सम्बन्धमा ।

८. आगामी आर्थिक वर्ष २०८०।८१ को बार्षिक कार्यक्रम (वजेट) निर्माण गर्ने सम्बन्धमा ।

९. गढवा गा.पा. र हेफर प्रोजेक्ट नेपालको आर्थिक, प्राविधिक सहयोगमा संचालन हुने ३ दिने आधारशिला तालिममा सहभागी हुने सम्बन्धमा ।

१०. प्रदेश कानुनमा तोकिएको ढाचाँ अनुसार आय ठेक्काहरूको अनुगमन गर्ने सम्बन्धमा ।

११. आगामी आ.व. को नीति तथा कार्यक्रम निर्माणको लागि सरोकारवालाहरूसँग अर्न्तक्रिया गर्ने सम्बन्धमा ।

१२. जनता माध्यामिक विद्यालयमा प्राविधिक धारको कक्षा संचालन सम्बन्धमा ।

१३. दैनिक, साप्ताहिक, मासिक र अनलाईन पत्रपत्रिकाहरूको सूचना तथा शुभकामनाको दर रेट निर्धारण गर्ने सम्बन्धमा ।

१४. लुम्बिनी प्रदेश सरकार आर्थिक मामिला मन्त्रालयको पत्रानुसार बजेट रोक्का तथा खर्च कटौती सम्बन्धमा ।

१५. विधेयक समितिबाट स्विकृत भई आएको विविध विषयसँग सम्बन्धीत कार्यविधि सम्बन्धमा ।

१६. वडा नं. ४ अजगढवा निवासी राजु नेपालीको शौचालय निर्माण गर्ने सम्बन्धमा ।

१७. राहत वितरण र खाद्य अधिकार तथा संप्रभुता अधिकार कार्यान्वयन कार्यविधि निर्माण

प्रमुख प्रशासकीय अधिकृत

सम्बन्धमा ।

१८. गढवा २ महदेवामा रहेको प्रा.वि. महदेवाको जिर्ण भवन व्यवस्थापन गर्ने सम्बन्धमा ।

१९. विपद व्यवस्थापन कोषबाट खर्च भएको भुक्तानी रकम समर्थन गर्ने सम्बन्धमा ।

२०. स्वास्थ्य तर्फको रिक्त दरबन्दी पदपुर्ती गर्ने सम्बन्धमा ।

२१. प्राविधिक समितिको सिफारिस बमोजिम घ वर्गको निर्माण व्यवसायी ईजाजत प्रदान गर्ने सम्बन्धमा ।

२२. गढवा गाउँपालिकाको शिक्षा सम्मेलन सम्बन्धमा ।

२३. आ.व. २०७८/०७९ को जनप्रतिनिधीहरूको नाममा सवारी साधन प्रयोग गरेको भनि देखिएको बेरूजु हटाउनका लागि पत्राचार गर्ने सम्बन्धमा ।

२४. विभिन्न संस्थाहरूले कार्यक्रम संचालन गरी रकम भुक्तानीका लागि माग भई आएको सम्बन्धमा ।

२५. विविध सम्बन्धमा ।

निर्णयहरू

**प्रस्ताब नम्बर १. अघिल्ला गाउँकार्यपालिकाका बैठकमा भएगरेका निर्णयहरू र सोको कार्यान्वयन पक्ष सम्बन्धमा ।**

**निर्णय नम्बर १ :** यस गढवा गाउँपालिकाको मिति २०७९/११/१९ गते बसेको गाउँकार्यपालिकाको बैठकमा भएका सम्पूर्ण निर्णयहरू र ती निर्णयहरूको सफल कार्यान्वयनको क्रममा आएका समस्या, चुनौती तथा उपलब्धी सम्बन्धमा छलफल सहित समिक्षा गरियो ।

**प्रस्ताब नम्बर २. अनुगमन समिति संयोजक गाउँपालिका उपाध्यक्षले पेश गर्नुभएको अनुगमन प्रतिवेदन सम्बन्धमा ।**

**निर्णय नम्बर २ :** यस गढवा गाउँपालिकाको अनुगमन समिति संयोजक श्री शारदा कुमारी चौधरीले चालु आ.व. २०७९/०८० मा विनियोजित योजना तथा कार्यक्रमको कार्यान्वयन चरणमा तथा सम्पन्न भएपश्चात गरिएका सम्पूर्ण अनुगमनको मासिक प्रतिवेदन पेश गर्नुभएकोमा सो सम्बन्धमा प्रतिवेदनमा औल्याईएका विविध पक्षहरूको बारेमा व्यापक छलफल तथा समिक्षा गरि उक्त पेश भएको मासिक अनुगमन प्रतिवेदन स्वीकृत गर्ने निर्णय गरियो ।

प्रमुख प्रशासकीय अधिकृत

गढवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गढवा, दाङ
लुम्बिनी प्रदेश, नेपाल

**प्रस्ताब नम्बर ३.** आगामी आ.व. २०८०।०८१ का लागि प्रदेश समपुरक अनुदानका आयोजना तथा कार्यक्रम प्रस्ताव सम्बन्धमा ।

**निर्णय नम्बर ३ :** लुम्बिनी प्रदेश सरकार अर्थिक मामिला मन्त्रालयको च.नं.७१०, मिति २०७९।१२।०८ गतेको प्राप्त पत्र अनुसार यस गढवा गाउँपालिकाको तर्फबाट आ.व. २०८०/०८१ का लागि समपुरक अनुदानका आयोजना तथा कार्यक्रमहरू चैत्र मसान्त सम्म प्रदेश सरकार समक्ष पठाईसक्नु पर्ने व्यवस्था अनुसार वडा कार्यालयहरूले छनौट गरि मिति २०७९/१२/२२ गते सम्म गढवा गाउँकार्यपालिकाको कार्यालयमा पेश गर्ने निर्णय गरियो ।

**प्रस्ताब नम्बर ४.** आ.व.२०७८।०७९ को महालेखा परिक्षकको कार्यालयबाट प्राप्त प्रारम्भिक लेखापरिक्षण प्रतिवेदन उपर छलफल सम्बन्धमा ।

**निर्णय नम्बर ४ :** गढवा गाउँपालिकाको आ.व. २०७८।०७९ को महालेखा परिक्षकको कार्यालयबाट प्राप्त प्रारम्भिक लेखापरिक्षण प्रतिवेदन उपर दफावार छलफल गरी बेरूजु फछ्र्यौट गर्न आवश्यक प्रमाण तथा कागजात वा असुल दाखिलाको प्रमाण आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन तथा नियम अनुसार ३५ दिनभित्र पेश गर्नुपर्ने कानुनी व्यवस्था रहेको हुदाँ विषयगत शाखाहरू तथा वडा कार्यालयहरूबाट प्राप्त प्रमाणको आधारमा मिति २०७९।१२।२० गते फछ्र्यौटको लागि महालेखा परिक्षकको कार्यालयमा पेश गर्ने निर्णय गरियो ।

**प्रस्ताब नम्बर ५.** यस गढवा गाउँपालिकाका नदी तथा खोलाहरूको आईई स्विकृत भई आय ठेक्का नलागेका घाटहरूबाट नदीजन्य पदार्थ उत्खनन् तथा संकलन गर्न अमानतमा विक्री गर्ने सम्बन्धमा ।

**निर्णय नम्बर ५ :** यस गढवा गाउँपालिकाका नदी तथा खोलाहरूको आ.ई.ई स्विकृत भई ३ पटकसम्म ठेक्का आह्वान भई ठेक्का नलागेका घाटहरूमा नदीजन्य पदार्थ उत्खनन् तथा संकलन गर्न अमानत दिने निर्णय गरियो । साथै उक्त घाटहरूबाट नदिजन्य पदार्थको उत्खनन् गर्दा हुन सक्ने सम्भावित अनियमितता रोक्नका लागि गाउँकार्यपालिकाबाट वडा कार्यालयहरूलाई राजश्व आम्दानी रसिद (ठेली) प्रदान गरी अनुगमन तथा निरक्षणको जिम्मेवारी समेत वडा कार्यालयहरूलाई दिई प्रत्येक नदि तथा खोला घाटमा आवश्यकता अनुसार उक्त क्षेत्रकै स्थानीय बासिन्दालाई निरिक्षण कार्यमा खटाउने, जसका लागि प्रतिदिन प्रतिव्यक्ति रू ६०० (छ सय) का दरले मात्र विपद व्यवस्थापन कोषबाट भुक्तानी हुनेगरि कामकाजमा लगाउने निर्णय गरियो ।

प्रमुख प्रशासकीय अधिकृत

**प्रस्ताव नम्बर ६. जिल्ला विपद व्यवस्थापनलाई यस गाउँपालिका अर्न्तगतका खहरे खोलाहरूमा रहेको नदीजन्य पदार्थ उत्खनन्, संकलन तथा बिक्री गर्न सिफारिस गर्ने सम्बन्धमा ।**

**निर्णय नम्बर ६ :** गढवा गाउँपालिका अन्तर्गत रहेका निम्न खहरे खोलाले वर्षातको समयमा धार परिवर्तन गरी वर्षेनी आउने भिषण बाढीले मानव वस्ती तथा पक्की पुल जोखिम परेको साथै उर्वरा खेतियोग्य जमिन वर्षेनी बाढिले कटान गरिरहेको हुदाँ खहरे खोलालाई विच भागबाट बहाब परिवर्तन गरी नदीजन्य पदार्थ उत्खनन्, संकलन तथा बिक्री गर्नका लागि जिल्ला विपद व्यवस्थापन समितिलाई सिफारिस गर्ने निर्णय गरियो ।

| क्र.सं. | नदि तथा खहरे खोला | ठेगना | कैफियत |
|---|---|---|---|
| १ | जमुनीवास खोला | वडा नं. ५ जमुनीवास | मानव वस्ती तथा पक्की पुल जोखिम |
| २ | सुके तथा वनघुम्री खोला | वडा नं. ६ मनिकापुर | मानव वस्ती तथा खेतियोग्य जमिन जोखिम |
| ३ | राप्ती नदि, रतनपुर घाट | वडा नं. ३ रतनपुर | रतनपुर गाउँको उत्तरतर्फ नदिको बिचभागमा आईल्याण्ड बनि छेउछाँउका बस्ती जोखिममा रहेको |
| ४ | राप्ती नदि, भारबैरा घाट | वडा नं. ७ मोतिपुर | राप्ती पुलको पश्चिम, मोतिपुरको उत्तरतर्फ नदिको बिचभागमा आईल्याण्ड बनि छेउछाँउका बस्ती जोखिममा रहेको |

**प्रस्ताव नम्बर ७. गाउँसभाको १२ औं अधिवेशनको मिति तय गर्ने सम्बन्धमा ।**

**निर्णय नम्बर ७ :** यस गढवा गाउँपालिकाको आ.व. २०७९।०८० मा गाउँसभाको १२ औं अधिवेशनमा यही मिति २०७९/१२/२४ गतेकादेखि संचालन गर्ने र सो को लागि गाउँसभा सदस्यहरूलाई पत्राचार गर्ने निर्णय गरियो ।

**प्रस्ताव नम्बर ८ . आगामी आर्थिक वर्ष २०८०।८१ को बार्षिक कार्यक्रम (वजेट) निर्माण गर्ने सम्बन्धमा ।**

**निर्णय नम्बर ८ :** स्थानीय सरकार सञ्चालन ऐनको दफा १२(२) अनुसार सहभागितामुलक योजना तर्जुमा प्रणाली अनुसार बस्ती वा टोलस्तरबाट योजना तर्जुमा प्रक्रिया अवलम्बन गरी बस्ती तथा टोलस्तरीय योजनाको माग संकलन, प्राथमिकरण र छनौट गर्ने प्रावधान रहेको हुदाँ आगामी आ.व. २०८०।०८१ को बार्षिक योजना तथा कार्यक्रम (वजेट) निर्माणको लागि वडा कार्यालयहरूले बस्ती तथा टोलस्तरीय भेला गरि योजना तथा कार्यक्रम छनौट गरी मिति २०८० साल वैशाख महिनाको २० गतेसम्ममा गाउँकार्यपालिकामा पेश गर्ने निर्णय गरियो ।

**प्रस्ताव नम्बर ९ . गढवा गा.पा. र हेफर प्रोजेक्ट नेपालको आर्थिक, प्राविधिक सहयोगमा संचालन हुने ३ दिने आधारशिला तालिममा सहभागी हुने सम्बन्धमा ।**

**निर्णय नम्बर ९ :** यस गढवा गाउँपालिकाका गाउँकार्यपालिकाका सदस्यहरू र कर्मचारीहरूलाई लक्षित गरि हेफर प्रोजेक्ट नेपालको आर्थिक तथा प्राविधिक सहयोगमा यही चैत्र महिनाको १७, १८ र १९ गतेका दिन वर्दिया जिल्लाको ठाकुर बाबा नगरपालिकामा संचालन हुने ३ दिने आधारशिला तालिम कार्यक्रममा सहभागी हुने निर्णय गरियो ।

प्रमुख प्रशासकीय अधिकृत

गढवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गढवा, दाङ
लुम्बिनी प्रदेश, नेपाल

**प्रस्ताव नम्बर १० . प्रदेश कानुनमा तोकिएको ढाचाँ अनुसार आय ठेक्काहरूको अनुगमन गर्ने सम्ब्रन्धमा ।**

**निर्णय नम्बर १० :** लुम्बिनी प्रदेशको नदीजन्य पदार्थ व्यवस्थापन कार्यविधि, २०७५ को दफा १८ भएको व्यवस्था बमोजिम यस गढवा गाउँपालिकाका अध्यक्षको नेतृत्वमा तपशिल बामोजिम सदस्य रहने गरी नदीजन्य पदार्थको स्थानीय अनुगमन समिति गठन गर्ने निर्णय गरियो ।

तपशिल :

श्री यमनारायण शर्मा पोखेल - गाउँपालिका अध्यक्ष - संयोजक
श्री शारदा कुमारी चौधरी - गाउँपालिका उपाध्यक्ष - सदस्य
श्री आशिष चौधरी - प्र.प्र.अधिकृत - सदस्य
श्री वडा अध्यक्ष (८ जना) - सदस्य
श्री विनय कुमार यादव - प्राविधिक शाखा प्रमुख - सदस्य
श्री कुलराज कुमाल - राजश्व शाखा प्रमुख - सदस्य
श्री प्रेम प्रकाश दाहाल - योजना तथा अनुगमन शाखा प्रमुख - सदस्य सचिव

**प्रस्ताव नम्बर ११. आगामी आ.व. २०८०।०८१ को नीति तथा कार्यक्रम निर्माणको लागि सरोकारवालाहरूसँग अर्न्तक्रिया गर्ने सम्बन्धमा ।**

**निर्णय नम्बर ११ :** यस गढवा गाउँपालिकाको आर्थिक वर्ष २०८०।८१ को नीति तथा कार्यक्रम तर्जुमा गर्न शिक्षा, स्वास्थ्य, कृषि तथा पशु र राजश्व लगायतका विभिन्न क्षेत्र/विषयमा विज्ञता हासिल गर्नुभएका सरोकारवालाहरूको उपस्थितिमा नीति तथा कार्यक्रमका लागि सल्लाह सुझाव संकलनका गर्न अर्न्तक्रियात्मक कार्यक्रम संचालन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नम्बर १२. जनता माध्यामिक विद्यालयमा प्राविधिक धारको कक्षा संचालन सम्बन्धमा ।**

**निर्णय नम्बर १२ :** यस गढवा गाउँपालिकाको कार्यालयलाई आर्थिक व्यभार नपर्ने गरी श्री जनता माध्यमिक विद्यालय गढवा ७ मा रहेको विद्यालयमा आगामी शैक्षिक सत्रबाट CTEVT बाट संचालन हुने ३ बर्षे डिप्लोमा इन Information Technology प्राविधिक धारको कक्षा सञ्चालनको सम्वन्धनका लागि CTEVT मा सिफारिस गरिदिने निर्णय गरियो ।

प्रमुख प्रशासकीय अधिकृत

गढवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गढवा, दाङ
लुम्बिनी प्रदेश, नेपाल

**प्रस्ताव नम्बर १३ . दैनिक, साप्ताहिक, मासिक र अनलाईन पत्रपत्रिकाहरूको सूचना तथा शुभकामनाको दर रेट निर्धारण गर्ने सम्बन्धमा ।**

**निर्णय नम्बर १३ :** यस गढवा गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालयसँग सम्झौता गरी विज्ञापन, सूचना, सचेतनामुलक सन्देश, शुभकामना आफ्नो मिडियामा प्रकाशन, प्रशारण गरी भुक्तानी माग भई आएमा मिडिया तथा पत्रपत्रिकालाई अधिकतम रू.५००० सम्म भुक्तानी दिने निर्णय गरियो । साथै विगतमा वडा कार्यालयको सिफारिसमार्फत भुक्तानी दिदैं आइरहेका मिडिया तथा पत्रपत्रिकाहरूको विज्ञापन, सूचना, सचेतनामुलक सन्देश, शुभकामनालाई बन्द गरि एकद्धार प्रणाली मार्फत गढवा गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालयबाट मात्र प्रकाशन तथा प्रसारण आदेश र सोही बमोजिमको मात्र भुक्तानी दिने निर्णय गरियो ।

**प्रस्ताव नम्बर १४ लुम्बिनी प्रदेश सरकार आर्थिक मामिला मन्त्रालयको पत्रानुसार बजेट रोक्का तथा खर्च कटौती सम्बन्धमा ।**

**निर्णय नम्बर १४ :** लुम्बिनी प्रदेश सरकार आर्थिक मामिला मन्त्रालयको च.नं.७१२, मिति २०७९।१२।०८ गतेको पत्रानुसार वित्तिय समानिकरण अनुदार, समपूरक अनुदान, बिशेष अनुदान र सशर्त अनुदान अन्तर्गतका कार्यक्रम तथा आयोजनाहरूको विभिन्न २८ वटा शिर्षकहरूमा वजेट रोक्का तथा खर्च कटौती गर्ने निर्णय भई आएको हुदाँ सोहि निर्णय अनुसार कार्यान्वयन गर्ने निर्णय गरियो ।

**प्रस्ताब नम्दर १५. विधेयक समितिबाट स्विकृत भई आएका विविध विषयसँग सम्बन्धीत कार्यविधि सम्बन्धमा ।**

निर्णय नम्बर १५ : यस गढवा गाउँपालिका प्रशासनिक कार्य सहजताको लागि आवश्यक कार्यविधिहरू विधेयक समितिबाट निर्णय भई आएका तपशिलका कार्यविधिहरू आवश्यक संशोधन गरी पास गर्ने निर्णय गरियो ।

तपशिल :

- गढवा गाउँपालिका करार खेति कार्यक्रम सञ्चालन कार्यविधि, २०७९
- डिप वोरिङ सिँचाई गर्दा विधुत महशुलमा अनुदान सम्बन्धी कार्यविधि, २०७९
- बगर खेती कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७९
- युवा लक्षित कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७९
- दरबन्दी मिलान तथा व्यवस्थापन कार्यविधि, २०७९
- छात्रवृत्ती वितरण सम्बन्धि कार्यविधि, २०७९
- नमुना विद्यालय विकास कार्यक्रम कार्यविधि, २०७९
- गढवा गाउँपालिकाको पूर्वाधार आयोजना मर्मत संभार सम्बन्धी कार्यविधि, २०७९
- सुरक्षित आवास गृह ( सेफ हाउस) संचालन कार्यविधि, २०७९
- श्रम सहकारी संचालन कार्यविधि, २०७९

प्रमुख प्रशासकीय अधिकृत

गढवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गढवा, दाङ
लुम्बिनी प्रदेश, नेपाल

- स्थानीय राजश्व परामर्श समितिको कार्य संचालन कार्यविधि, २०७९
- स्थानीय सेवा पुरस्कार कार्यविधि, २०७९
- मेलमिलाप केन्द्र सञ्चालन कार्यविधि, २०७९
- सुत्केरी स्याहार प्रोत्साहन पोषण भत्ता कार्यविधि, २०७४ प्रथम संशोधन २०७९

**प्रस्ताव नम्बर १६ . वडा नं. ४ अजगढवा निवासी राजु नेपालीको शौचालय निर्माण गर्ने सम्बन्धमा**

**निर्णय नम्बर १६ :** यस गढवा गाउँपालिका वडा नम्बर ४ अजगढवा निवासी राजु नेपालीको फुसको छाना भएको कच्चि शौचालयमा विपद बाढीको कारणले क्षति भई भत्किएको र निजको आर्थिक अवस्था कमजोर रहेको हुदाँ नयाँ स्थानमा शौचालय निर्माणार्थ राहत स्वरूप रू २०,०००।- (अक्षेरेपी विस हजार रूपैया) एकमुष्ट यस गढवा गाउँपालिकाको विपद व्यवस्थापन कोषबाट आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

**प्रस्ताब नम्बर १७. राहत वितरण र खाद्य अधिकार तथा संप्रभुता अधिकार कार्यान्वयन कार्यविधि निर्माण सम्बन्धमा ।**

**निर्णय नम्बर १७ :** यस गढवा गाउँपालिकामा आवश्यक देखिएका तपशिल बमोजिका ऐन, कानून, कार्यविधि, निर्देशिका को निर्माण आवश्यक्ता भएको हुदाँ विधेयक समितिबाट तयार पारि कानून निर्माण प्रकृया अगाडि बढाउने निर्णय गरियो ।

क) राहत वितरण कार्यविधि – विपद व्यवस्थापन शाखा र जिन्सी शाखाले खाका तयार गर्ने

ख) खाद्य अधिकार तथा संप्रभुता अधिकार कार्यविधि – कृषि विकास शाखाले खाका तयार गर्ने

**प्रस्ताब नम्बर १८. गढवा २ महदेवामा रहेको प्रा.वि.महदेवाको जिर्ण भवन व्यवस्थापन गर्ने सम्बन्धमा ।**

**निर्णय नम्बर १८ :** गढवा गाउँपालिका वडा नं. २ महदेवामा रहेका प्रा.वि. महदेवाको भवन जिर्ण भएको र पठनपाठन कार्यसमेत सो स्कुलको भवनबाट बन्द रहेको हुदाँ प्राविधिक लागत अनुमान तयार गरी गाउँपालिकाको समपुरक कोष शिर्षकबाट भुक्तानी हुने गरी व्यवस्थापन गर्ने निर्णय गरियो ।

प्रमुख प्रशासकीय अधिकृत

गढवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गढवा, दाङ
लुम्बिनी प्रदेश, नेपाल

**प्रस्ताव नम्बर १९. विपद व्यवस्थापन कोषबाट खर्च भएको भुक्तानी समर्थन गर्ने सम्बन्धमा ।**

**निर्णय नम्बर १९ :** यस गढवा गाउँपालिकामा पर्न गएका विभिन्न विपदका घटनाहरूमा विपद व्यवस्थापन समितिको निर्णयानुसार कामकाज तथा व्यवस्थापन कार्य सम्पन्न गरि सो को भुक्तानी समेत भएकोमा मिति २०७९ साल श्रावण महिना देखिं २०७९ साल चैत्र ०९ गतेसम्ममा विपद व्यवस्थापन कोषबाट जम्मा खर्च रू. १,११,७२,९५७।५० (अक्षरूपी एक करोड एघार लाख बहत्तर हजार नौ सय सन्ताउन्न रूपैयाँ पचास पैसा) भई भुक्तानी भएकोमा उक्त भूक्तानीको समर्थन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नम्बर २०. स्वास्थ्य तर्फको रिक्त दरबन्दी पदपुर्ती गर्ने सम्बन्धमा ।**

**निर्णय नम्बर २०** : यस गढवा गाउँपालिका अर्न्तगत रहेका विभिन्न स्वास्थ्य संस्थाहरूमा कार्यरत अनमि रेनेशा थापा, भूमिसरा चौधरी, पियङ्का थापा र अहेव गिता वेल्वासे गरी तिन जना अनमि र एक जना अहेवले निजहरूको व्यक्तिगत कारणले चालु आ.व.को विभिन्न समयमा राजिनामा पेश गरी स्विकृत समेत भईसकेकोले उक्त रित्त स्थानमा सोही पदहरूमा सेवा करारमा पदपुर्ती गर्ने साथै सर्पदशं उपचार केन्द्र, गढवामा हाल एक जना मात्र का.स कार्यरत रहेकोमा थप एक जना का.स.को सेवा करारमा पदपुर्ती गर्ने निर्णय गरियो ।

**प्रस्ताव नम्बर २१. प्राविधिक समितिको सिफारिस बमोजिम घ वर्गको निर्माण व्यवसायी ईजाजत प्रदान गर्ने सम्बन्धमा ।**

**निर्णय नम्बर २१ :** यस गढवा गाउँपालिका गाउँकार्यपालिकाको कार्यालयमा 'घ' बर्गको निर्माण व्यवसायी ईजाजतका लागि पर्न आएका निवेदन बमोजिम आवश्यक रित पुऱ्याई पेश भएका निर्माण व्यवसायीहरूमध्ये निर्माण व्यवसायीहरूलाई 'घ' वर्गको ईजाजत प्रदान गर्ने सम्बन्धी कार्यविधि, २०७४ बमोजिम यस गढवा गाउँपालिकामा गठित जाँचबुझ तथा सिफारिस समितिको मिति २०७९ साल चैत्र महिनाको १२ गतेको सिफारिस बमोजिम तपशिल बमोजिमका निर्माण व्यवसायीहरूलाई घ वर्गको निर्माण व्यवसायी ईजाजत प्रदान गर्ने निर्णय गरियो ।

तपशिल :

| सि.नं. | फर्मको नाम | प्रोपराइटर | ठेगाना |
|---|---|---|---|
| १ | भारती देवी निर्माण सेवा | रेशम बहादुर रावत | गढवा गा.पा. वडा नं. ३ |
| २ | सृष्टी प्रतिमा निर्माण सेवा | भागिरथी आले मगर | गढवा गा.पा. वडा नं. ६ |
| ३ | विष्णु मल्टिप्रपोज एण्ड विल्डर्स प्रा.लि. | हिरामणि चौधरी | गढवा गा.पा. वडा नं. ७ |
| ४ | जमुनादेवि निर्माण सेवा | जमुना चौधरी | गढवा गा.पा. वडा नं. ३ |
| ५ | कालिकादेवि कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. | नविन खड्का | गढवा गा.पा. वडा नं. ७ |

**ास्ताव नम्बर २२ . शिक्षा सम्मेलन सम्बन्धमा ।**

**र्णय नम्बर २२ :** सामुदायिक विद्यालयको शैक्षिक वातावरणमा सुधार ल्याई विद्यालयहरूमा व्यवस्थापकीय नेतृत्व र शिक्षकहरूको शिक्षण सिकाइ क्रियाकलापमा सुधार गरी विद्यार्थिहरूलाई गुणस्तरिय शिक्षा प्रदान गर्नुको साथै सामुदायिक विद्यालयहरूको नतिजामा सुधार ल्याउनको लागि यस पालिकामा रहेका विद्यालयहरूको शैक्षिक गुणस्तर सुधारको कार्ययोजना निर्माण गर्न मिति २०७९ साल चैत्र १४ गते गढवा गाउँपालिकाको सभाहलमा वृहत शैक्षिक सम्मेलन गर्ने निर्णय गरियो ।

प्रमुख प्रशासकीय अधिकृत

गढवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गढवा, दाङ
लुम्बिनी प्रदेश, नेपाल

**प्रस्ताब नम्बर २३ः** आ.व. २०७८/०७९ को जनप्रतिनिधीहरूको नाममा सवारी साधन प्रयोग गरेको भनि देखिएको बेरूजु हटाउनका लागि पत्राचार गर्ने सम्बन्धमा ।

**निर्णय नम्बर २३ :** यस गढवा गाउँपालिकामा आ. व. २०७८।०७९ को म.ले.प. को लेखापरिक्षण पश्चात म.ले.प.को प्राप्त प्रारम्भिक प्रतिवेदनमा जनप्रतिनिधिहरूको यातायात सुविधाको विषयमा वडा कार्यालयहरूको हकमा दोहोरो सुविधा उपभोग गरेको भनि बेरूजु देखिएकोमा वि.सं. २०७३ सालको स्थानीय निर्वाचनबाट निर्वाचित भएपछि वडा कार्यालयहरूको दैनिक प्रशासनिक कामकाजमा सहजता ल्याउनका लागि वडा कार्यालयको प्रयोजनको लागि प्रत्येक वडामा एक एक वटा मोटरसाईकल हस्तान्तरण गरिएको र हालसम्म पनि उक्त मोटरसाईकलहरू पूर्णरूपमा वडाको कामकाजमा प्रयोग भईरहेको अवस्थामा म.ले.प.को लेखापरिक्षण प्रतिवेदनमा जनप्रतिनिधिहरूले मासिक रूपमा पाउने यातायात सुविधा लिएकोमा बेरूजु देखिएकोले म.ले.प. को कार्यालयमा समपरिक्षणको लागि खुलाई पठाउने निर्णय गरियो ।

**प्रस्ताब नम्बर २४. विभिन्न संस्थाहरूले कार्यक्रम संचालन गरी रकम भुक्तानीका लागि माग भई आएको सम्बन्धमा ।**

**निर्णय नम्बर २४ :** गढवा गाउँपालिका गाउँकार्यपालिकाको कार्यालयमा आर्थिक सहयोग सम्बन्धमा पर्न आएका निवेदन सम्बन्धमा निवेदकले पेश गरेको विवरणका आधारमा कार्यक्रम सञ्चालनको लागि तपशिलका संस्थाहरूलाई तपशिल बमोजिमको रकम महिला तथा बालबालिका शाखाको सि.नं ३३ को अन्य आदीवासी जनजातीको संस्कृति जगेर्ना कार्यक्रम शीर्षकबाट भुक्तानी हुनेगरि उपलब्ध गराउने निर्णय गरियो ।

| क्र.सं. | भुक्तानी पाउने संस्थाको नाम | रकम |
|---|---|---|
| १ | थारू कल्याणकारी सभा, जिल्ला कार्यसमिति दाङ | रू. १६,५००।०० |
| २ | राप्ती नेवाः समाज, राप्ती गा.पा. | रू. २०,०००।०० |
| ३ | थारू अन्तराष्ट्रिय मञ्च, सम्मेलन तयारी समिति | रू. १५,०००।०० |

प्रमुख प्रशासकीय अधिकृत

यम नारायण शर्मा पोखेल
अध्यक्ष